नेपाल सरकार

# गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्याः- २०८२/८३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल

## सूचना

**eNID (Provisional NID) डाउनलोड गर्न सकिने सम्बन्धी सेवा सुरुवात गरिएको।**

नेपाल सरकारको शासकीय सुधार सम्बन्धी १०० कार्य सूचीहरू अन्तर्गत बुँदा २ मा पर्ने यस विभागसँग सम्बन्धित "विभागको Citizen Portal मा व्यक्तिको फोटो र Online Verifiable QR Code सहितको **Password Protected Provisional NID (e-NID)** राष्ट्रिय परिचयपत्र कार्ड सम्बन्धित व्यक्तिले नै Download गर्ने प्रणाली निर्माण गर्ने" भनी तोकिएकोमा मिति २०८३।०३।०४ बाट विभागको Citizen Portal ( https://citizenportal.donidcr.gov.np ) मार्फत परिक्षणका रूपमा सेवा शुरू गरिएको व्यहोरा सम्पूर्ण सेवाग्राही र सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। राष्ट्रिय परिचय नम्बर प्राप्त भएका नेपाली नागरिकहरूले नाम (नेपाली वा अङ्ग्रेजी), जन्म मिति र नागरिकता जारी मिति पेश गरी आफ्नो eNID डाउनलोड गर्न सक्नु हुनेछ। यसरी डाउनलोड गरिएको **eNID Card** आफैले सुरक्षित रूपमा राख्न हुन अनुरोध छ।

कुनै पनि सार्वजनिक निकाय वा संस्थाले हाल विभागको Citizen Portal को माध्यमबाट प्रिन्ट गरिएको फोटो सहितको राष्ट्रिय परिचय नम्बरको निस्सा हेरी सेवा प्रवाह गर्ने गरेकोमा अब उप्रान्त eNID कार्डमा रहेको **QR Code** स्क्यान गरी देखिने विवरणहरू र नागरिकले देखाउने निस्सामा रहेका विवरणहरू समेत रूजु गरी सेवा प्रवाह गर्नुहुन अनुरोध छ।

साथै, यस सम्बन्धी User Manual विभागको Website https://donidcr.gov.np/category/ra-identity-card-information-and-news/ वा Citizen Portal बाट डाउनलोड गर्न सकिनेछ।

मिति: २०८३।०३।०४

निर्देशक

सम्पर्क नं. ४२०००००७, ४२०००१४, ४२११५६३, ४२००८९४, ४२००८९५, टोल फ्रि नं. १६६००११६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np, account@donidcr.gov.np, donidcrplanning@gmail.com
Website: https://donidcr.gov.np